बैठक संख्या - ४४

आज मिति २०८२/०५/१९ गते काठेखोला गाउँपालिकाका अध्यक्ष श्री राजु थापा ज्यूको अध्यक्षतामा बसेको गाउँ कार्यपालिकाको बैठकमा निम्न बमोजिमको उपस्थिति र देहाय बमोजिम निर्णय भयो।

उपस्थिति :-

१. श्री राजु थापा - अध्यक्ष
२. श्री तेज बहादुर थापा - उपाध्यक्ष
३. श्री खड्क बहादुर थापा - वडा अध्यक्ष वडा नं. १
४. श्री सुरेश बहादुर थापा - वडा अध्यक्ष वडा नं. २ (कार्यवाहक)
५. श्री दिपेन्द्र बहादुर खत्री - कार्यवाहक वडा अध्यक्ष वडा नं. ३
६. श्री लक्ष्मण पुन - वडा अध्यक्ष वडा नं. ४
७. श्री श्यामनाथ कँडेल - वडा अध्यक्ष वडा नं. ५
८. श्री बृहस्पति शर्मा - वडा अध्यक्ष वडा नं. ६
९. श्री प्रेम बहादुर जि.सी. - वडा अध्यक्ष वडा नं. ७
१०. श्री प्रमानन्द कँडेल - वडा अध्यक्ष वडा नं. ८
११. श्री टिका संग्राम वि.क - कार्यपालिका सदस्य
१२. श्री भूमा देवी पुन - कार्यपालिका सदस्य
१३. श्री सुन्तली वि.क. - कार्यपालिका सदस्य
१४. श्री पूर्णमाया सुनार - कार्यपालिका सदस्य
१५. श्री गिता देवी वि.क. - कार्यपालिका सदस्य
१६. श्री देवी थापा मगर - कार्यपालिका सदस्य
१७. श्री पूर्ण बहादुर कार्की - प्रमुख प्रशासकिय अधिकृत

अन्य उपस्थिति :-

१. श्री माधव शर्मा - लै. अ.
२. श्री मतेन्द्र कार्की - प्रशासन शाखा प्रमुख

निर्णयहरू:-

**निर्णय नं. १.**

स्थानीय तह संस्थागत स्वमूल्याङ्कन (LISA), स्थानीय तह वित्तीय जोखिम मूल्याङ्कन (FRA) र स्थानीय आर्थीक विकास मूल्याङ्कन (LED) लाई एकिकृत गरी स्थानीय शासन कार्य सम्पादन मूल्याङ्कन (LGPAS) २०८२ सम्बन्धमा आजको कार्यपालिका बैठकमा जानकारी गरियो।

**निर्णय नं. २.**

मिति २०८२ श्रावण ४ गतेको सूचना अनुसार काठेखोला गाउँपालिका भित्रका ८ वटै वडाले सडक बालबालिका नभएको भनि घोषणा सहित सिफारिस गरेकोले काठेखोला गाउँपालिकालाई **"सडक बालबालिका मुक्त गाउँपालिका"** घोषणा गर्ने निर्णय गरियो।

**निर्णय नं. ३.**

शिक्षा समितिबाट सिफारिस भई आएको काठेखोला गाउँपालिका भित्रका विद्यालय कर्मचारी, वालविकास सहकर्तालाई २०८२ श्रावण देखी लागु हुने गरी तपसिल अनुसार तलब भत्ता तथा पारिश्रमिक उपलब्ध गर्ने निर्णय गरियो।

तपसिलः-

| क्र.सं. | पद | विवरण | मासिक रकम रू. |
|---|---|---|---|
| १ | कार्यालय सहयोगी | कक्षा १ देखी कक्षा ८ सम्म | १५,५००।- |
| २ | कार्यालय सहयोगी | कक्षा १ देखी कक्षा १२ सम्म | १७,०००।- |
| ३ | विद्यालय कर्मचारी (लेखापाल) | - | २५,०००।- |
| ४ | वालविकास सहकर्ता | - | १७,५००।- |

**निर्णय नं. ४.**

काठेखोला गाउँपालिकाको राहत कार्यविधी २०७५, लाई संशोधनको लागी पेश हुन आएकोले उक्त कार्यविधी संशोधन गर्ने निर्णय गरियो।

**निर्णय नं. ५. विविध**

क) चालु आ.व. ०८२/८३ मा वित्तिय साक्षरता कक्षा वडा नं. ४ र वडा नं. ६ मा सञ्चालन गर्ने गरि वडा छनौट गर्ने निर्णय गरियो।

ख) काठेखोला गाउँपालिकाको प्रशासकीय भवनको निशुल्क जग्गा उपलब्ध गर्ने जग्गादाता तथा चन्दादाताको नाम उपयुक्त स्थानमा लेख्ने निर्णय गरियो।

ग) काठेखोला गाउँपालिका भित्रका तपसिल बमोजिमका वडाहरूमा स्वास्थ्य भवनको रकम नपुग भएकोले सम्बन्धीत निकायमा रकम उपलब्ध गर्दिनको लागि अनुरोध गरि पठाउने निर्णय गरियो।

१. वडा नं. ४ को स्वास्थ्य चौकी भवन।
२. वडा नं. ८ को स्वास्थ्य चौकी भवन।
३. वडा नं. ५ को नयाँ स्वास्थ्य चौकी भवन निर्माण गर्न।

घ) काठेखोला गाउँपालिका भित्रका सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरूको चालु आ.व. ०८२/८३ मा नविकरण गरीएकोमा कतिपय लाभग्राहीहरूको विभिन्न कारणले राष्ट्रिय परिचयपत्र बन्न नसकेकोले त्यस्ता लाभग्राहीहरूको राष्ट्रिय परिचयपत्र बन्न नसक्नुको कारण स्वघोषण गरी गराई सामाजिक सुरक्षा भत्ताको लाभग्राही परिचयपत्र नविकरण आ.व. ०८२/८३ को लागी नविकरण गरिदिने व्यवस्था मिलाउने निर्णय गरियो।